## आयोजनाको उद्देश्य

जलवायु वित्त विशेष गरी हरित जलवायु कोष मार्फत नेपाल सरकारलाई चुस्त तथा प्रभावकारी ढंगले योजना गर्न, पहुँच पुऱ्याउन, व्यवस्थापन, परिचालन र अनुगमन गर्ने राष्ट्रिय क्षमता अभिवृद्धि गर्न सहयोग गर्नु यस आयोजनको उद्देश्य रहेको छ ।

## आयोजनाका लक्ष्यहरु

सरोकारवालाहरुको सुझावको आधारमा राष्ट्रिय परिवेश तथा प्राथमिकतालाई महत्व दिँदै यस हरित जलवायु तयारी कार्यक्रमले निम्न तीन लक्ष्यहरुलाई प्राप्त गर्ने अपेक्षा राखेको छ :

## आयोजनाको कार्य क्षेत्र

१ हरित जलवायु कोषमा सहभागिताको लागि तोकिएको राष्ट्रिय निकायको क्षमता अभिवृद्धि गर्ने ।

२ जलवायु परिवर्तनका कारण उत्पन्न विपदद्वारा कृषि र हिमाली क्षेत्रका पारिस्थितिकिय प्रणालीमा पार्ने प्रभाव अध्ययन गर्ने र पहिचान गरिएका न्यूनिकरण तथा अनुकूलन कार्यको लागि निजी क्षेत्रको लगानी खाका विकास गर्ने ।

३ सम्भावित राष्ट्रिय कार्यान्वयन इकाई र छनौट भएका अन्य सरकारी/सम्बद्ध पदाधिकारीको क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनबाट पर्ने प्रभावको समाधानका लागि निजीक्षेत्रको लगानी प्रवर्द्धन गर्ने ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडिपी) र संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (यूएनइपी) दुवैले यस सम्बन्धमा नेपाल सरकारलाई प्राविधिक सहयोग उपलब्ध गराउने छन् ।

## तोकिएको राष्ट्रिय निकाय (National Designated Authority)




© हरित जलवायु कोष

## कार्यक्रम ढाँचा

हरित जलवायु कोषको तोकिएको राष्ट्रिय निकाय (एन.डि.ए) को हैसियतले अर्थ मन्त्रालय अन्तर्गतको अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडिपी) र संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (यूएनइपी) को प्राविधिक सहयोगमा कार्यक्रम कार्यान्वयन इकाई को रुपमा कार्य गर्दछ ।

**सम्पर्क ठेगाना :**

**अर्थ मन्त्रालय**

**अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा**

**नेपालमा हरित जलवायु कोष तयारी कार्यक्रम (GCF Readiness Programme)**

सिंहदरवार, काठमाडौं

Email: infogcf@mof.gov.np

# नेपालमा हरित जलवायु कोष तयारी कार्यक्रम



Supported by:
Federal Ministry for the Environment, Nature Conservation, Building and Nuclear Safety
based on a decision of the German Bundestag

UNEP

UNDP
Empowered lives. Resilient nations.

# हरित जलवायु कोष

हरित जलवायु कोष संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तन सम्मेलन (UNFCCC) द्वारा निर्देशित एक बहुपक्षिय वित्तिय इकाई हो । यो कोष विकासोन्मुख राष्ट्रहरुमा हरितगृह ग्याँस उत्सर्जन सीमित वा न्यूनीकरण गर्ने र वातावरणीय दृष्टिले जोखिमयुक्त समुदायहरुलाई जुलवायु परिवर्तनका कारण परेका प्रभावहरु प्रति अभ्यस्त बनाउन सहयोग गर्ने प्रतिवद्धताका साथ सन् २०१० मा स्थापना भएको हो । जसमा १९४ देश सदस्य रहेका छन ।

## हरित जलवायु कोषको न्यूनीकरण तथा अनुकूलनका आठ परिणाम क्षेत्रहरु







## हरित जलवायु कोषको संरचना




हरित जलवायु कोषले राष्ट्रहरुको हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन विकासमा सहयोग गर्ने उद्देश्य लिएको छ । साथै यस कोषले विकासोन्मुख देशहरुले जलवायु परिवर्तनमा गर्ने लगानीमा स्वामित्व र जलवायु परिवर्तन न्यूनीकरणका कार्यक्रम एवं राष्ट्रिय कार्ययोजनामा समायोजन गर्ने प्रयत्नलाई सम्बोधन गर्दछ ।

कोषले अनुकूलन र न्यूनीकरणका कार्यक्रमहरुमा सन्तुलन कायम गरी लगानी गर्ने लक्ष्य राखेको छ । यस अन्तरगत ५० प्रतिसत लगानी विशेषगरी जोखिमपूर्ण देश जसमा: अतिकम विकसित मुलक (LDC), साना टापुयूक्त विकासोन्मुख मुलक (SIDS) र अफ्रिकी मुलकमा अनुकूलनका कार्यक्रमहरुका लागि लक्षित गरिएको छ ।

हरित जलवायु कोषको शासकिय संयन्त्रले प्रत्येक देशको जलवायु परिवर्तन संग सम्बन्धीत राष्ट्रिय नीति अनुरुपका कार्यक्रममा आर्थिक सहायता प्रदान गर्ने र राष्ट्रिय तहमा साझेदारीपूर्वक सहकार्य हुने कुरा स्पष्ट पारेको छ। यसका लागि सबै विकासोन्मुख देशले एउटा तोकिएको राष्ट्रिय निकाय (National Designated Authority) प्रस्तावित गरेका छन, जसले सम्बन्धीत देश र कोषका बिचमा सञ्चारको लागि सम्पर्क बिन्दुको रुपमा रहेर कार्य गर्दछन ।[१] यसै अनुरुप नेपालको लागि अर्थ मन्त्रालयले तोकिएको राष्ट्रिय निकायको भूमिका निर्वाह गरेको छ ।

[१] http://www.greenclimate.fund/partners/countries/readiness#about-ndas

# हरित जलवायु कोष तयारी कार्यक्रम

कोषको शासकिय संयन्त्रले तयारी तथा पूर्वतयारी क्रियाकलापहरुलाई स्रोत उपलब्ध गराउने कुराहरुलाई स्पष्ट पारेको छ । यसका साथै यस कोषले न्यून उत्सर्जनयुक्त विकास रणनिती तथा योजना, राष्ट्रिय रुपमा उपर्युक्त न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन, राष्ट्रिय अनुकूलनका योजना तथा कार्ययोजना एंव संस्थागत सवलीकरणका साथै, हरित जलवायु कोषका वातावरणीय तथा सामाजिक सुरक्षा र वित्तिय सिद्धान्तको पालना लगायत कोष संग सोझै पहुँच बढाउन राष्ट्रिय समन्वयको लागि क्षमता अभिवृद्धि गर्न प्राविधिक सहायता उपलब्ध गराउँदछ ।

## छोटो परिचय

| | |
|---|---|
| **आयोजनाको अवधी** | : जनवरी २०१६ देखि डिसेम्बर २०१७ सम्म |
| **केन्द्रित क्षेत्र** | : जलवायु वित्त |
| **कार्यान्वयन निकाय** | : अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा |
| **प्राविधिक साझेदार** | : युएनडिपी र युएनइपी |
| **आर्थिक स्रोत** | : वि एम यु बि जर्मनी |
| **कूल बजेट** | : १५ लाख अमेरिकी डलर (USD 1.5 Million) |

प्रारम्भिक क्रियाकलापहरुका आवश्यकता पहिचान गरी अर्थ मन्त्रालय अन्तर्गतको अन्तराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र संयुक्त राष्ट्र संघीय वातावरण कार्यक्रमसँगको सहकार्यमा नेपालमा **"हरित जलवायु कोष तयारी कार्यक्रम"** कार्यान्वयन भैरहेको छ । यस कार्यक्रमलाई जर्मन सरकारको वातावरण, प्रकृति संरक्षण तथा आणविक सुरक्षा मन्त्रालयले आर्थिक सहायता उपलब्ध गराएको छ ।